# नेपाल विद्युत प्राधिकरण
## व्यवसाय विकास निर्देशनालय
## विद्युत व्यापार विभाग

### स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत आयोजनाहरुको विद्युत खरिद बिक्री सम्झौता (PPA) का लागि सम्पर्क गर्न आउने बारे

### सूचना

नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०८२/०७/१९ को १०१५ औं बैठकबाट आ.व.२०८२/८३ सम्ममा PPA गरिसक्ने गरी स्थानीय तहको कम्तिमा ५१ प्रतिशत साझेदारीमा निर्माण हुने १ मेगावाटसम्म जडित क्षमता भएका सौर्य विद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्ने निर्णय भएको छ। यसरी निर्माण हुने आयोजनाको खरिद दर विद्युत नियमन आयोगको २०८२/०९/२० को निर्णय बाट वार्षिक मुल्य बृद्दी नहुने गरी प्रतियुनिट रु ४.९९ (चार रुपैयाँ उनान्सय पैसा) कायम गरिएको छ।

अतः स्थानीय तहको कम्तिमा ५१ प्रतिशत साझेदारीमा निर्माण हुने १ मेगावाटसम्म जडित क्षमता भएका सौर्य विद्युत आयोजनालाई आ.व.२०८२/८३ सम्ममा PPA गरिसक्ने गरी तपशिल बमोजिम विद्युत खरिद बिक्री सम्झौताको कारबाही अगाडी बढाउने सम्बन्धमा ने.वि.प्रा. व्यवस्थापनको मिति २०८३/०१/०२ को निर्णयअनुसार २०८३ बैशाख २८ गते भित्र आवश्यक विवरण/कागजातहरु सहितको निवेदन साथ यस विभागमा सम्पर्क गर्नुहुन सम्बन्धित प्रबर्द्धक कम्पनीहरुलाई सूचित गरिन्छ ।

तपशिल

(क) आयोजनालाई प्राधिकरणको ३३/११ के.भी. ग्रिड वा वितरण सवस्टेसनको ३३ के.भी. वा ११ के.भी. मा जडान गर्न सकिने। प्रवर्द्धकले अनुरोध गरेमा ने.वि.प्रा.को ११ के.भी. वितरण लाईनमा आवश्यक Protection Arrangement सहित T-Connection गर्न सक्ने।

(ख) आयोजनाहरुको Grid Impact Study (GIS) विनानै ग्रिड कनेक्सन एग्रिमेन्ट सम्पन्न गर्ने।

<u>PPA को लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरु</u>

१) विद्युत खरीद बिक्री सम्झौताको लागि निवेदन

२) कम्पनी दर्ताको प्रमाणपत्र

३) स्थानीय तहको कम्तिमा ५१ % शेयर रहेको अद्यावधिक शेयर लगत विवरण, सञ्चालकहरुको लगत

४) कम्पनीको प्रवन्धपत्र

५) कम्पनीको नियमावली

६) कर चुक्ताको प्रमाणपत्र

७) बहाल रहेको विद्युत सर्वेक्षणको अनुमतिपत्र

८) विद्युत उत्पादनको अनुमतिपत्र जारी भएको अवस्थामा PPA र वित्तीय व्यवस्थापन सम्पन्न गर्ने मिति वहाल रहेको विद्युत उत्पादनको अनुमतिपत्र

९) स्थायी लेखा नम्वर (PAN) दर्ताको प्रमाणपत्र

१०) आयोजना सम्भाव्यता अध्ययन प्रतिवेदन तथा निर्माण तालिका (Project Construction Schedule)

११) आयोजना निर्माण गर्ने जग्गाको लिज सम्झौता वा भोगाधिकार वा कम्पनीको नाममा भएको प्रमाण(सर्भे लाईसेन्स नभएमा )

१२) विद्युत खरीद बिक्री सम्झौताको मस्यौदा तथा विद्युत खरीद बिक्री सम्झौतामा हस्ताक्षर गर्न कम्पनीको तर्फबाट हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको अख्तियारीनामा पत्र (कम्पनीको निर्णयको प्रतिलिपि)

सूचना www.nea.org.np मा समेत प्रकाशित गरिएको व्यहोरा समेत जानकारी गराईन्छ ।